दैनिक
# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१



वर्ष ३७ | अंक ९५ | बुटवल | २०८१ चैत १९, गते मंगलबार | नेपाल संवत ११४५ | Tuesday Apr. 01, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## ज्ञानेन्द्र शाहले उन्मुक्ति पाउँदैनन् : प्रधानमन्त्री



बुटवल । प्रधानमन्त्री केपी शर्मा ओलीले पूर्वराजा ज्ञानेन्द्र शाहले उन्मुक्ति नपाउने बताएका छन् । प्रतिनिधिसभाको सोमबारको बैठकलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् । तीनकुनेमा गत शुक्रबार भएको राजावादी समूहको आन्दोलन हिंस्रक हुनुमा पूर्वराजा शाहको समेत संलग्नता भएको उनले दाबी गरे ।

उनले जुनसुकै आवरणमा पनि हिंस्रक आन्दोलन गर्ने जोसुकैलाई कानुनी दायरामा ल्याइने दाबी गरे । उनले पूर्वराजा शाहले भिडियो वक्तव्य जारी गरी भीड उक्साउने काम गरेको समेत आरोप लगाए ।

उनले भने-'पूर्वराजा ज्ञानेन्द्र शाहले गत फागुन ७ गते सार्वजनिक भिडियो वक्तव्य जारी गर्दै भिड उत्साउने काम गरे । पूर्वराजा शाहले पनि उन्मुक्ति पाउनु हुन्न । फेरि राजा बन्छु, व्यवस्था मास्छु भन्नेले यी सबै श्रृंखलाबद्ध घटनामा आफ्नो धारणा सार्वजनिक गर्नुपर्दैन ।'

प्रधानमन्त्री केपी शर्मा ओलीले चैत १५ गते काठमाडौँको तीनकुनेमा राजावादीले गरेका हिंसा, तोडफोड र आगजनीका विषयमा पूर्वराजा ज्ञानेन्द्र शाहले आफ्नो धारणा सार्वजनिक गर्नुपर्ने पनि जनाए । तीनकुने ताण्डवको मूल जिम्मेवार व्यक्ति शाह नै भएको जिकिर गर्दै उनको धारणा मागेका हुन् ।

उनले अगाडि भने-'मानिसलाई मर्नलाई दुरुत्साहन गर्ने जनकमान्डर, इतिहासले कुनामा फ्याँकेका व्यक्ति अभियानका संयोजक, धनजनको क्षति र लुटपाट, शासक बन्ने मनसुवा बोक्ने व्यक्ति सिरकभित्र चुपचाप कसरी हुन सक्छ ? यी सबै घटनाको मूल जिम्मेवार उहाँ हो, उहाँले लिनुपर्छ ।'

यस क्रममा प्रधानमन्त्री ओलीले तीनकुने घटनाको अघिल्लो दिन चैत १४ गते पूर्वराजा शाहले दुर्गा प्रसाईंलाई निर्मल निवासमै झिकाएर हिंसाको योजना बनाएको आरोप पनि लगाए । प्रधानमन्त्री ओलीले पूर्वराजाविरुद्ध अभिव्यक्ति दिँदा राप्रपा सांसदहरुले सभामा उठेर विरोध जनाएका थिए ।

## सरकारको षड्यन्त्र जारी छ : रवि



बुटवल । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले आफूमाथि सरकारले थालेको षड्यन्त्रको सिलसिला नरोकिएको बताएका छन् ।

पार्टी केन्द्रीय समितिको बैठकमा सहभागी हुन पार्टी कार्यालय पुगेका लामिछानेले समर्थकहरूलाई सम्बोधन गर्दै सरकारले अहिले पनि आफूमाथि षड्यन्त्र गरिरहेको बताएका हुन् ।

'पाँच महिनाअघि सरकारले जबरजस्ती झुठा मुद्दा लगाएर यहीँबाट उठाएर लगेको थियो । सरकारको षड्यन्त्रको सिलशिला सकिएको छैन,' उनले भने-'तर म जुनसुकै परिस्थितिको सामना गर्न तयार छु ।'

भ्रष्टाचारमा चुर्लुम्म डुबेकाहरूले आफूहरु जोगिन वर्तमान सरकार गठन गरेको बताउँदै उनले कांग्रेस एमाले मिलेर सरकार बनाउँदा संसद्मा बलियो सशक्त सरकार बन्ने सम्भावना अन्त्य भएको चर्चा गरे ।

'बलियो सरकार बनाउने सम्भावना कांग्रेस-एमालेले समाप्त गरे । राम्रो गर्नलाई होइन, आफूलाई बचाउन यिनले सरकार बनाएका हुन् ।'- उनले भने । सरकारले आफ्नो टाउकोमा तरबार झुन्ड्याएर तह लगाउन खोजे पनि आफू नगल्ने उनको भनाइ थियो । 'सरकारलाई लागेको होला टाउकोमा तरबार झुन्ड्यायो भने यो डराउँछ । तर, म जुन सुकै परिस्थितिसँग जुध्न तयार छु । सरकारले मेरो शीरमाथि राखेको तरबार खसालोस्, म लड्न तयार छु,' उनले भने-'लुटतन्त्रलाई टुलुटुलु हेरेर बस्ने लाक्षी मान्छे म होइन, म आगो कहाँ बल्ला र तापौंला भनेर बसेको मान्छे होइन, जनतामा आक्रोश आएको छ । त्यसलाई चिनुपर्ने छ, बदल्नुपर्नेछ ।'

उनले गणतन्त्रवादी दलहरूसँग फोटो खिचाउने पक्षमा आफ्नो दल नरहेको बताएका छन् ।

लामिछानेले गणतन्त्रवादी भन्ने दलहरूले गणतन्त्रको खोल मात्रै ओढेको आरोप लगाए । 'जहाँ तपाईं (कांग्रेस-एमाले) उभिरहनु भएको छ । त्यो गणतन्त्र नभएर लुटतन्त्रको खोल ओडिरहनुभएको छ । रास्वपाले खोल ओड्दैन,' लामिछानेले भने-'तपाईंको कर्तुत लुकाउन लागि तपाईंको कित्तामा उभिएर फोटो खिचाउने रहर रास्वपालाई छैन ।'

वर्तमान सरकारप्रति आक्रोशित भएका लामिछानेले नेपाली कांग्रेस र नेकपा एमालेप्रति लक्षित गर्दै भने-'दुईटा चोर मिलेर साधु हुँदैन ।'

# रमजानलाई बिदा, मनाइयो इद



मोहम्मद हबिब

*भैरहवा*

मुस्लिम धर्मावलम्बीहरुले एक महिनाको (रमजान)रोजा सकेर सोमबार इद मनाएका छन् । आइतबार सूर्यास्तपछि सव्बाल महिनाको चन्द्रमा देखिएपछि रमजानको बिदा गर्दै इद उलफित्र अर्थात् इद मनाएका हुन् । पवित्र ग्रन्थ कुरआन अवतरण भएको महिना रमजान मुस्लिम समुदायको पवित्र महिना पनि हो । इद भैरहवासहित देश विदेशभरि धुमधामका साथ मनाइएको छ । साउदीलगायतको खाडी मुलुकमा भने आइतबार नै इद मनाइएको छ । आत्मसंयम र शुद्धिका लागि एक महिनासम्म रमजानको रोजा (व्रत) सकिएको भोलिपल्ट इद मनाइने गरिन्छ । रमजान उर्दु क्यालेन्डरको नवौं महिना हो ।

यस क्षेत्रका मुस्लिमहरुले स्थानीय गल्लामण्डीको इदगाह र बसडीलियामा रहेको इदगाहमा बिहान ८ बजे जम्मा भएर सामूहिक नमाज पढी मनाएका छन् भने रुपन्देहीसहित विभिन्न स्थानमा रहेको इद गाहमा इदको नमाज पढिएको छ । इद गाह नमाज पढ्न बनाइएको विशेष खुल्ला ठाउँ हो, खूल्ला अकाशमुनि पढिने नमाज वर्षको दुई पटक मात्रै इद गाहमा मुस्लिम समुदायले सामूहिक रुपमा २ रिकात नमाज पढे । इस्लाम धर्मको महान पर्व (इदुल फित्र) इद र (इदुलअजहा) बकरइदको दिन मात्रै मुस्लिम समुदाय एकत्रित भइ इद गाहमा नमाज पढ्ने गर्छन् ।

इदको दिन बिहानै नुहाइधुवाइ गरी सुकिला, सफा कपडाका साथमा बासनादार अत्तर लगाइ इद गाह वा मस्जिदमा जम्मा भइ समूहमा नमाज पढिन्छ । प्रर्थनामा सम्पूर्णको स्वास्थ्य, शान्ति र अमनचयनको कामना गर्ने गरिन्छ । सोपश्चात् एकआपसमा गला मिलाएर इद मुबारक भन्दै एकआपसमा शुभकामना साटासाट गर्ने, नमाजपछि इदको विशेष परिकार सेवइका साथै अन्य मिठाइका परिकारहरु र खानेकुरा खाएर शुभकामनासहित पाहुनाहरुलाई स्वागत गर्छन् ।

विपन्न, अशक्त, टुहुरा, असहाय आदिलाई दान दिएर खुशी पार्नु पर्ने यो चाडको प्रमुख विशेषता हो । इदको पूर्वसन्ध्यामा रमजानको महिनामा गरिने उपासनाबाट अन्य महिनाभन्दा ७० गुणा बढी लाभ मिल्ने धार्मिक विश्वास छ । इद उल-फित्रकै अवसरमा सरकारले बिदा समेत दिएको छ । एक महिनासम्म चल्ने रमजानमा इस्लाम धर्मावलम्बीहरुले उपवास (व्रत) बस्नुपर्छ, जसलाई 'रोजा' भनिन्छ । रोजामा इस्लाम धर्मावलम्बीहरु बिहान सूर्य उदाएदेखि सूर्यास्त नहुँदासम्म प्रत्येक दिन एक महिनासम्म पानी समेत नखाइ ब्रत बस्ने गर्छन् । सूर्य उदाउनुभन्दा लगभग दुई घन्टा अगाडि केही खानेकुरा (सेहरि) खाइ सुरु गरिएको (व्रत) रोजा सूर्यास्त भइसकेपछि अफतारी (व्रत तोड्नु)गरी रोजा खोल्नुपर्छ । रोजाको समयमा मुसलमान निराहार यहाँसम्मकी जानेर थुक पनि निल्नु हुँदैन ।

रोजा जस्तो कठिन व्रत गर्ने ब्रतालुले यस महिनालाई पवित्र महिनाका रुपमा लिएको पाइन्छ । रोजा अशक्त, बिरामी र बालबालिकाबाहेक सबैलाई अनिवार्य छ । तीस दिनको यो रमजान महिनालाई तीन भागमा बाँडिएको छ । पहिलो १० दिनको अवधिलाई बरक्कत (फलिफलाप), दोस्रो १० दिनको अवधिलाई रहमत (दया-माया) र अन्तिम १० दिनको अवधिलाई मगफिरत (अल्लाहबाट माफी) पाउने मुसलमानले यी तीन कुरा प्राप्त गर्न अल्लाहको आदेशलाई पालना गर्न रोजा बस्ने गर्छन् ।

झूटो नबोल्नु, शान्तिले बस्नु र गरिब तथा दीनदुःखीलाई दान र दया गर्नु यो पर्वको विशेषता हो । रमजान महिना गरिब, दिनदुःखी र असहायका लागि नराम्रो नहोस् भन्ने दृष्टिकोणबाट अल्लाहले इस्लाम धर्ममा यस महिनाका लागि विशेष व्यवस्था गरेका छन् ।

यस महिनामा प्रत्येक मुसलमानले जनही एक किलो ७५० ग्राम गहुँ वा सो बराबरको मूल्य फित्तरा निकाल्नुपर्छ भने वर्षभरिको आमदानी र सम्पत्तिबाट अढाइ प्रतिशत जकात (कर) निकाल्नुपर्छ, यस्तो फित्तरा र जकात गरिब, असहाय, दिनदुःखी मस्जिद वा मदरसामा दिनुपर्छ । फित्तरा र जकात इद लफित्र अर्थात् इदको नमाज पढ्नुभन्दा अगावै निकाली सक्नुपर्छ । यो नेपालमा मात्र नभई संसारभरिकै मुसलमानमा लागू हुन्छ । अल्लाहका लागि त्याग, समर्पण र बलिदानको भावना जागृत भएर आउने रमजान महिनामा मुसलमान आस्था र विश्वासलाई अझ दृढ बनाउन मद्दत गर्ने मान्यता रहेको छ ।

रोजाको अवधिमा शारीरिक रुपमा दुब्लाए पनि मानसिक रुपमा निकै गौरवान्वित ठान्ने मुस्लिमले इस्लाम धर्मका पाँच आधारभूत सर्त कलमा, रोजा, नमाज, जकात र हजअन्तर्गत हजबाहेक सबै आधारभूत सर्तहरु पूरा गर्ने अवसर प्राप्त गर्छन् ।

इदको ७०औं दिनमा बकरिद अर्थात् 'इदउलअजहा' पर्व मनाउने गरिन्छ । जसको लागि मुस्लिमहरु 'हज' का लागि साउदी अरबको मक्का मदिना जाने पनि गर्छन् ।

वनबाटिकामा थपिँदै पर्यटकीय पूर्वाधार

## दुई करोड २५ लाख लागतमा जीपलाइन र स्काई साइक्लिङ सञ्चालन



लुम्बिनी संवाददाता

*तिलोत्तमा*

प्रदेशकै प्रमुख पर्यटकीय स्थलको रुपमा विकास भइरहेको शंकरनगर वनविहार तथा अनुसन्धान केन्द्र वनबाटिकामा जीपलाइन र स्काई साइक्लिङ सञ्चालनमा आएको छ ।

'द थ्रिल एड्भेञ्चर प्रालि'ले ४ वटा साहसिक खेलको शुभारम्भ गरेको हो । दुई करोड २५ लाख लागतमा निर्माण भएको संरचनामा जीपलाइन, स्काई साइक्लिङ, ग्यान्ट स्वीङ्ग(पिङ्ग) र च्याप्ललिङ्ग सञ्चालनमा आएको हो । उक्त संरचनाको शुभारम्भ गर्दै तिलोत्तमा नरपालिका प्रमुख रामकृष्ण खाँणले वनबाटिकामा निर्माण भएका संरचनाले पर्यटकमा थप आकर्षण प्रदान गर्ने बताएका थिए । पालिकाले यी र यस्ता शाहसिक खेलको प्रवर्धनको लागि सधैँ तयार रहेको भन्दै उनले यसले पर्यटक आगमन बढाउने बताए ।

कार्यक्रममा बोल्दै आन्सी मल्टि इन्टरनेशनलका अध्यक्ष लेखनाथ न्यौपानेले साहसिक सुरक्षाका सबै मापदण्ड पूरा गरेर हाल चार थरि र भविष्यमा थप आधा दर्जन साहसिक र मनोरञ्जनयुक्त पर्यटकीय पूर्वाधार बनाउने योजना रहेको बताए । द थ्रील एड्भेन्चर प्रालिका सिइओ प्रकाश ज्ञवालीले निकट भविश्यमा नै स्काई वाक, ह्याङ्गीङ्ग क्याफे, पोखरी निर्माण गरी बोटिङ्ग, संसारकै सबैभन्दा अग्लो बन्जी स्टेशन, फिस टनेललगायतका संरचना निर्माण गरिने जानकारी दिए ।


» बाँकी ३ पेजमा





# सम्पादकीय

## साइबर सुरक्षाको जोखिम

लुम्बिनी प्रदेश प्रहरी कार्यालयका अनुसार, चालु आर्थिक वर्षको नौ महिनामा ६ सय २१ साइबर अपराधका उजुरी दर्ता भएका छन् । आर्थिक वर्ष २०८०/०८१ मा १ हजार ३ सय ७३ उजुरी परेका थिए । यो तथ्याङ्क हेर्दा समाजमा साइबर अपराध डरलाग्दो ढंगले विस्तार भएको देखिन्छ ।

कम्प्युटर र इन्टरनेटको प्रयोग गरी कसैलाई धम्क्याउने, चरित्रहत्या गर्ने, अवैध ढंगले आर्थिक कारोबार गर्नेलगायत नै  साइबर अपराधअन्तर्गत पर्दछन् । अहिले हरेकको हात-हातमा स्मार्ट मोबाइल उपलब्ध छ । इन्टरनेटको सहज पहुँच छ । २०७८ को जनगणना अनुसार नेपालमा ३७ प्रतिशत घरपरिवारमा इन्टरनेटको पहुँच पुगेको छ । ग्रामीण क्षेत्रमा भन्दा धेरै शहरी क्षेत्रमा इन्टरनेट प्रयोगकर्ता परिवारको संख्या धेरै छ । अझ जनगणना भएको तीन वर्ष बितिसकेको छ, यो बिचमा इन्टरनेट प्रयोगकर्ताको संख्या अझैं धेरै छ ।

इन्टरनेटको विस्तार र स्मार्ट फोनको प्रयोगकर्ता बढेसँगै समाजमा नागरिकको सम्पर्क र सम्बन्ध भर्चुअल विस्तार भएको छ । सूचना प्रविधिको विकासले अहिले संसार एउटा सानो गाउँमा बदलिएको छ । विश्वको एउटा कुनाको व्यक्तिले अर्को कुनामा बस्ने व्यक्तिसँग सम्पर्क र कुराकानी गर्न सक्छ । अध्ययन अनुसन्धानका लागि आवश्यक सामग्री इन्टरनेटको प्रयोग गरेर गुगललगायतका प्लेटफर्ममा खोज्न सक्छ । आज मान्छेको समय र पैसा बचत भएको छ, कामकाज छिटो र सहज भएको छ । मान्छेको जीवन छरितो हुँदा सोच्ने, काम गर्ने शैली बदलिएको छ । सूचना प्रविधिको विकास र विस्तारले मान्छेको जीवनलाई जति सहज र सरल बनाइदिएको छ, त्यसले समाजमा अपराध पनि बढाएको छ । समाजलाई गलत बाटोतिर डोऱ्याइरहेको छ । सूचना प्रविधिको प्रयोग गरी हुने अपराधले सुरक्षा चुनौती बढाएको छ ।

विभिन्न सरकारी निकायको वेभसाइट नै ह्याक गरी पैसा माग्ने प्रवृत्ति बढेको छ । अमेरिकामा बसेर नेपालमा अनलाइन जुवा खेलाउने युवा केही दिनअघि अमेरिकाबाट आउँदै गर्दा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा समातिए ।  चिठ्ठा परेको छ, बधाई छ भन्दै प्रलोभनमा पारेर पैसा असुली गर्ने ठूलै गिरोह सक्रिय छ । बैंकबाट फोन गरेको भन्दै ओटिपी कोड मागेर खाताबाट पैसा चोर्ने गिरोह पनि उत्तिकै सक्रिय छ । घरमा पैसा राख्दा चोरी डकैती हुने जोखिम हुन्छ । ढंग नपुऱ्याउँदा अर्थात् साइबर सुरक्षामा ध्यान नदिँदा बैंकमा राखेको पैसा पनि सुरक्षित छैन । साइबर सुरक्षामा ध्यान दिँदा बैंकमा राखेको पैसा चोरी हुन सक्तैन् ।

सूचना प्रविधिको विकाससँगै अपराध बढ्न थालेपछि प्रहरीले साइबर अपराध व्यूरो गठन गरी अनुसन्धान अघि बढाउन थालेको छ । प्रहरी सक्रियताले मात्रै साइबर अपराध नियन्त्रण संभव छैन । नागरिकमा डिजिटल साक्षरता आवश्यक छ । डिजिटल सामग्री उपभोग गर्ने, तर त्यसलाई प्रयोग गर्दा ख्याल गर्नुपर्ने विषयप्रति ध्यान नदिने प्रवृत्तिले अहिले समाज साइबर अपराधीको जालोमा परेको छ । समाजमा डिजिटल साक्षरता विस्तार गर्नसके साइबर सुरक्षा जोखिम न्यूनीकरण गर्न संभव छ । कतिपय अवस्थामा हुने अपराधलाई प्रहरीले नियन्त्रणमा लिन सकिहाल्छ ।

# बर्बरताको इतिहासमा थपिएको कालो अध्याय



राम धामी

> अनाहकमा हिंसा भड्काउने र मुलुकमा अराजकता निम्त्याउनेहरुलाई बेलैमा कानुनी कठघरामा उभ्याएर सजाय दिन अब राज्य चुक्नुहुँदैन । दण्डहीनताको अन्त्य हुन सकेमात्रै मुलुकमा पत्रकारहरु सुरक्षित बन्नेछन् र लोकतन्त्र थप परिष्कृत बन्नेछ । लोकतन्त्रको अनुभूति आम नागरिकले गर्न पाएमात्रै राजावादीहरुको अराजकता सधैँका लागि परास्त हुनेछ ।

राजावादीको हिंसात्मक प्रदर्शनका क्रममा रिपोर्टिङ गरिरहेका पत्रकारको मृत्यु र सञ्चारसंस्थामाथि भएको सांघातिक आक्रमणको घटनालाई लिएर नेपाल पत्रकार महासंघको अगुवाइमा शनिबार देशभर विरोध प्रदर्शन गरिएको छ ।

प्रदर्शनका क्रममा विभिन्न सञ्चारगृहमा कार्यरत पत्रकारहरुले रिपोर्टिङका क्रममा दिवंगत भएका भिडियो पत्रकार सुरेश रजकलाई श्रद्धाञ्जली अर्पण गर्दै पत्रकारहरुको पेसागत सुरक्षाको ग्यारेन्टीको माग गरेका छन् ।

लामो राजनीतिक अस्थिरता, दलहरूको लोकतन्त्रप्रतिको कमजोर प्रतिबद्धता, भ्रष्टाचार र सरकारको फितलो प्रदर्शनबाट जनमानसमा पैदा भइरहेको निराशालाई चलाखीपूर्वक दुरुपयोग गर्न राजधानी केन्द्रित आन्दोलनमा उत्रिएका राजावादीहरुले शुक्रबार राजधानीमा तोडफोड, आगजनी र लुटपाट मच्चाएका छन् । पूर्वराजा ज्ञानेन्द्र शाहलाई गद्दीमा फर्काउने ध्येयले सञ्चालित आन्दोलनको एउटा निजी कम्पलेक्सभित्र रहेर भिडियो खिचिरहेका एभिन्यूज टेलिभिजनका पत्रकार रजकलाई भित्र थुनेर आगो लगाइदिएपछि जलेको अवस्थामा मृत भेटिएका हुन् ।

नेपाली पत्रकारले समाचार प्रकाशित गरेकै कारण अपराधी तत्वबाट हत्या, हिंसा र सरकारी कारबाही भोग्दै आएका छन् । मुलुकमा सञ्चालित दशबर्से हिंसात्मक द्वन्द्वकालमा पनि नेपाली पत्रकारहरू हत्या र हिंसाका सिकार नभएका होइनन् । २०५२ साल फागुन १ गतेदेखि शुरु भएको सशस्त्र द्वन्द्व २०६३ मंसिर ५ गते विस्तृत शान्ति सम्झौतामा आएर टुंगियो । यो अवधिमा कृष्ण सेन 'इच्छुक', गोपाल गिरी, नवराज शर्मा 'वसन्त', ज्ञानेन्द्र खड्का, ईश्वर बुढाथोकी, डेकेन्द्रराज थापा, अम्बिका तिम्सिना, जितबहादुर घिमिरे, राजकुमार केसी, देवकुमार आचार्य (डी. कौडिन्य), कमल एसी, महेश्वर पहारी, खगेन्द्र श्रेष्ठ र धनबहादुर रोक्का मगर गरेर १४ जना होनहार पत्रकारहरु मारिए । थुप्रै पत्रकारहरु बेपत्ता पारिए । अपहरण गरेर कतिपयलाई धम्क्याइयो । क्रूर यातना दिइयो ।

विस्तृत शान्ति सम्झौता भएपछि पनि पत्रकारहरू मारिने र बेपत्ता हुने क्रम रोकिएन । उमा सिंह, वीरेन्द्र साह, जमिम शाह, अरूण सिंघानिया, जेपी जोशी, रोहन चौधरी, देवीप्रसाद धिताल र पुष्करबहादुर श्रेष्ठ गरी नौजनाको हत्या शान्ति सम्झौतापछि अर्थात् माओवादी सशस्त्र द्वन्द्वोत्तरकालमा भएको थियो । सशस्त्र द्वन्द्वकालमा बेपत्ता पारिएका महेन्द्रनगरका अग्रज पत्रकार प्रकाश ठकुरीको अवस्था अझैं अज्ञात छ । नेपाल पत्रकार महासंघले हत्या भएका ३६ जना र बेपत्ता पारिएका चारजना पत्रकारहरुको नाम अभिलेखमा जनाएको छ ।

पत्रकारहरू मारिएको घटनाको वास्तविकता छानबिन विरलै हुने र अपराधीलाई न्यायको कठघरामा उभ्याउने काम नगन्य मात्रामा हुने भएकाले मुलुकलाई दण्डहीनताको संस्कृतितिर डोऱ्याएको मात्र छैन, स्वतन्त्र प्रेसमाथि आक्रमणका घटनाहरु बढ्दै गएका छन् । माओवादीको हिंसात्मक विद्रोहले देशमा दण्डहीनताको आधारभूमि खडा गरेको थियो । शान्ति सम्झौतामा हस्ताक्षर भएपछि पनि मुलुकमा संगठित समूहलाई मान्छे मार्न छुट दिएजस्तो अवस्था बन्न गयो । व्यक्ति-हत्याको जिम्मेवारी संगठित समूहले लिएपछि हत्यामा संलग्न व्यक्तिले उन्मुक्ति पाउने गरेकाले नै देशमा दण्डहीनता मौलाउँदै गएको हो । अराजकता र दण्डहीनताले प्रश्रय पाउने समाजमा पत्रकारिता अपराधीहरुको निसानामा पर्नु अस्वाभाविक होइन । पत्रकार रजकको बीभत्स हत्या बर्बरताको इतिहासमा थपिएको अर्को कालो अध्याय हो ।

कुनै पनि समाजमा त्यहाँको अवस्था, चेतनाको स्तर, घटना-परिघटना तथा सकसपूर्ण एवं सहज दिनचर्या र उतारचढाव स्वीकार्य हुन्छ । समाजको यस्तो चरित्र कायम रहने क्रममा हुने उतारचढावको जीवन्त साक्षीका रूपमा त्यहाँको पत्रकारिता हुन्छ। नेपालको पत्रकारिता पनि मुलुकका हरेक उतारचढावको जीवन्त साक्षी हो । पत्रकारिताको अहिलेको अगुवा पुस्ता नेपालको १० बर्से सशस्त्र द्वन्द्वको समाचार लेखनबाट खारिएर आएको पुस्ता हो । सशस्त्र द्वन्द्वका क्रममा थुप्रै अनुभव सँगालेको नेपाली पत्रकारिताले पत्रकारहरुको जीवन सुरक्षाका सन्दर्भमा अझ चनाखो बन्न जरुरी रहेको सन्देश पत्रकार रजकको हत्या प्रकरणले पनि प्रवाह गरेको छ ।

राजावादीहरूको उद्दण्ड आन्दोलनबाट भएको क्षतिले नेपालको गृह प्रशासन चलाउने निजामती कर्मचारी, अनुसन्धान निकाय, प्रहरी र उनीहरूको नेतृत्व गर्ने सरकारका मन्त्री सबैको निरीहता प्रस्ट पारिदिएको छ । प्राध्यापन र वकालतसँगै पत्रकारिता पृष्ठभूमिबाटै राजनीतिमा उदाएका गृहमन्त्री रमेश लेखकले पत्रकार रजकको बीभत्स र बर्बरतापूर्वक हत्या गरिएको घटनामा नैतिकताका आधारमा तुरून्त राजीनामा दिनुपर्ने हो । तर, अहिलेका सत्ताधारीलाई नैतिकताको समान्य सरोकार हुन्थ्यो भने मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापनाको छाटो समयमै राजतन्त्रका पक्षमा आवाज उठाउने हिम्मत कसैले गर्न सक्ने थिएनन् ।

मुलुकमा हिंसा र नृशंसताले संस्थागत रुपमा मौलाउने अवसर पाउदैनथ्यो भने निहत्था पत्रकारहरुले आफ्नो ड्युटीका क्रममा बीभत्स हत्याको सिकार हुनुपर्दैनथ्यो ।

प्रश्नसँग आत्तिने, आलोचनासँग झर्किने र परिवर्तनका खातिर पैदा हुने इतर विचारलाई निषेध गर्ने प्रवृत्तिले मौलाउने मौका पाएका बेला बोली निचोरिएका र आवाजविहीन नागरिकहरूको अभिव्यक्ति स्वतन्त्रताका पक्षमा काम गरिरहँदा अझ कति नेपाली पत्रकारहरुले बर्बरतापूर्वक अकाल मृत्युवरण गर्नुपर्ने हो ? सोचनीय छ ।

केही महिनापहिला मात्रै कैलालीका पत्रकार सुरेश भुलको हत्या भएको अवस्थामा पत्रकार रजकको हत्या प्रकरणसम्म आइपुग्दा नेपाली पत्रकारहरुको भौतिक सुरक्षा प्रमुख चुनौतीका रुपमा देखिएको छ । पत्रकारलाई धम्की दिने वा आक्रमण गर्नेमा अधिकांश अपराधी पृष्ठभूमिका राजनीतिकर्मी हुने गरेका छन् । आज हामी जे बोलिरहेका छौं या लेखिरहेका छौं, यो विकास गर्न मानव सभ्यताले लाखौं वर्षसम्म कष्टसाध्य प्रयास गरेको हो । प्राप्त जीवाशेष प्रमाणअनुसार नेपालकै बुटवलको तिनाउ नदी किनारमा रामापिथेकसको बंगारा उत्खनन् गर्ने वैज्ञानिकहरूले एक करोड वर्षअघि नै नेपालमा मानव बसोबास रहेको अनुमान गरेका छन् ।

यति लामो समयदेखि संस्कार र सभ्यता सिक्दै आएको नेपाली समाजले हिंसालाई प्रश्रय दिन सक्दैन । मुलुकको एक दशक लामो सशस्त्र द्वन्द्व व्यवस्थापनलाई संसारकै मौलिक ढङ्गको अभ्यास मानिन्छ । द्वन्द्वमा पक्ष-विपक्ष मिलेर सरकार चलाउने मात्र हैन, मिलेरै चुनाव लड्नेसम्मको अभ्यास यहाँ भएको छ । यसले छोटो समयमा नेपाली समाजले द्वन्द्व भुलेर सहयात्राको बाटो रोज्न चाहेको देखाउँछ । कुनै पनि सामाजिक वा राजनीतिक द्वन्द्वलाई समयमै शान्तितर्फ रुपान्तरण गर्न नसकिएमा हिंसा भड्किने सम्भावना प्रबल हुन्छ । हिंसा र उद्दण्डता कुनै पनि समस्याको समाधान होइन ।

अनाहकमा हिंसा भड्काउने र मुलुकमा अराजकता निम्त्याउनेहरुलाई बेलैमा कानुनी कठघरामा उभ्याएर सजाय दिन अब राज्य चुक्नुहुँदैन । दण्डहीनताको अन्त्य हुन सकेमात्रै मुलुकमा पत्रकारहरु सुरक्षित बन्नेछन् र लोकतन्त्र थप परिष्कृत बन्नेछ । लोकतन्त्रको अनुभूति आम नागरिकले गर्न पाएमात्रै राजावादीहरुको अराजकता सधैँका लागि परास्त हुनेछ । व्याप्त जनवितृष्णा र निराशाको पहिचान गरेर आम नेपाली सर्वसाधारणको जीवनस्तरमा सुधार ल्याउन सकिएमात्रै नेपाली पत्रकारहरुले दिएको प्राणको आहुतिले सार्थकता पाउनेछ । यो दिवंगत नेपाली पत्रकारहरुप्रतिको सच्चा श्रद्धाञ्जली पनि हो । कर्मठ सहयोद्धा रजकप्रति भावपूर्ण श्रद्धाञ्जली ।

समाचारपत्रबाट

# पियोर इनर्जीले  सर्वसाधारणलाई आइपीओ जारी गर्ने




काठमाडौं । पियोर इनर्जी लिमिटेडले चैत २८ देखि सर्वसाधारणका लागि आईपीओ जारी गर्ने भएको छ ।  कम्पनीले प्रतिकित्ता १०० रुपैयाँका दरमा ११ करोड ९५ लाख २० हजार रुपैयाँ बराबरको ११ लाख ९५ हजार २०० कित्ता सेयर निष्कासन गर्न लागेको जनाइएको छ ।

कम्पनीको शेयर बैशाख २ गतेसम्म आवेदन दिन सकिनेछ । न्यूनतम १० कित्तादेखि अधिकतम १ लाख कित्ताका लागि आवेदन दिन सकिनेछ ।

कम्पनीले यसअघि स्थानीयलाई जारी पुँजी ८० करोड रुपैयाँको २ प्रतिशत अर्थात् १ करोड ६० लाख  बराबरको १ लाख ६० हजार कित्ता सेयर बिक्री गरिसकेको छ । वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि पनि १ लाख ४४ हजार कित्ता सेयर बिक्री खुलाइसकेको छ ।

कम्पनीको आइपीओ बिक्री प्रबन्धक नबिल इन्भेस्टमेन्ट बैंकिङ रहेको छ ।

# प्राणायामले तनाव र डिप्रेसन घटाउन कसरी काम गर्छ ?

डा.यादव भुषाल

प्राणायाम भनेको योगको एक महत्त्वपूर्ण अंग हो, जसमा श्वासप्रश्वासलाई नियन्त्रित गरी शरीर, मन र आत्मालाई सन्तुलित गरिन्छ । यसले न केवल शारीरिक स्वास्थ्यलाई मद्दत गर्छ, तर मानसिक स्वास्थ्यलाई पनि सुधार गर्ने गर्छ । विशेषगरी, प्राणायामले तनाव र डिप्रेसन(अवसाद)का लक्षणहरू कम गर्न महत्त्वपूर्ण भूमिका खेल्छ । यस लेखमा हामी प्राणायामले कसरी तनाव र डिप्रेसनलाई कम गर्छ भन्ने बारे वैज्ञानिक आधारसहित छलफल गर्नेछौं ।

**प्राणायामका प्रकारहरू**

प्राणायामका धेरै प्रकारहरू छन्, जसमा केही मुख्य तनाव र डिप्रेसनलाई कम गर्न मद्दत गर्छन् :

१.**नाडी शोधन** : यसले दुवै नाकबाट श्वास लिई, मनलाई शान्त बनाउँछ ।

२.**भ्रामरी** : यसले भौंरीको आवाज निकाल्दै श्वास लिई, तनावलाई कम गर्छ ।

३.**उज्जायी** : यसले गलालाई संकुचित गरी श्वास लिई, मनलाई केन्द्रित बनाउँछ ।

४.**कपालभाती** : यसले तेज गतिमा श्वास फेर्दै, शरीरलाई ऊर्जावान बनाउँछ ।

**प्राणायामले तनाव र डिप्रेसनलाई कसरी कम गर्छ ?**

हाम्रो शरीरमा स्वायत्त तन्त्रिका प्रणाली  छ, जसले तनाव र आरामको प्रतिक्रिया नियन्त्रण गर्छ । यसमा दुई भागहरू छन् :

- सहानुकूल तन्त्रिका प्रणाली  : यसले 'फाइट अर फ्लाइट' (लड्नु वा भाग्नु) को प्रतिक्रिया दिन्छ, जसले हृदयगति र रक्तचाप बढाउँछ ।
- परानुकूल तन्त्रिका प्रणाली : यसले शरीरलाई आराम दिन्छ र तनाव कम गर्छ ।

प्राणायामले परानुकूल तन्त्रिका प्रणालीलाई सक्रिय बनाउँछ, जसले तनाव कम गर्छ र मनलाई शान्त बनाउँछ । उदाहरणका लागि, भ्रामरी प्राणायामले भेगस नर्व लाई सक्रिय बनाउँछ, जसले तनाव र डिप्रेसनका लक्षणहरू कम गर्छ ।

प्राणायामले मस्तिष्कका केही महत्त्वपूर्ण क्षेत्रहरूलाई प्रभावित गर्छः

- प्रीफ्रन्टल कर्टेक्स : यो मस्तिष्कको भागले निर्णय लिने र भावनालाई नियन्त्रण गर्ने काम गर्छ । प्राणायामले यस क्षेत्रमा रक्त प्रवाह बढाउँछ, जसले मनलाई स्थिर बनाउँछ ।
- अमिग्डाला : यो मस्तिष्कको भागले डर र तनावलाई नियन्त्रण गर्छ। प्राणायामले अमिग्डालाको गतिविधि कम गर्छ, जसले तनाव र डिप्रेसनका लक्षणहरू घटाउँछ ।

प्राणायामले मस्तिष्कमा न्यूरोट्रान्समिटरहरूको स्तर बढाउँछः

- जीएबीए (गामा-अमिनोब्युट्रिक एसिड)ः यसले मनलाई शान्त बनाउँछ र तनाव कम गर्छ ।
- सेरोटोनिन र डोपामिनः यी न्यूरोट्रान्समिटरहरूले मूडलाई सुधार गर्छन् र डिप्रेसनका लक्षणहरू घटाउँछन् ।

तनावले कोर्टिसोल नामक हर्मोन बढाउँछ, जसले डिप्रेसन र चिन्तालाई बढाउँछ । प्राणायामले कोर्टिसोलको स्तर घटाउँछ, जसले तनाव र डिप्रेसनका लक्षणहरू कम गर्छ ।

प्राणायामले गहिरो र नियन्त्रित श्वासप्रश्वासलाई बढावा दिन्छ, जसलेः

- शरीर र मस्तिष्कलाई अधिक अक्सिजन प्रदान गर्छ ।
- हाइपरभेन्टिलेसन (तेज श्वासप्रश्वास) लाई रोक्छ, जसले चिन्तालाई बढाउँछ ।

**वैज्ञानिक अध्ययनहरू**

धेरै वैज्ञानिक अध्ययनहरूले प्राणायामले तनाव र डिप्रेसनलाई कम गर्ने प्रमाणित गरेका छन् - २०१३ को एक अध्ययनले प्राणायामले कोर्टिसोलको स्तर घटाएर तनाव कम गर्ने पाइयो ।

- २०१७ को एक अध्ययनले प्राणायामले जीएबीएको स्तर बढाएर चिन्ता र डिप्रेसनका लक्षणहरू घटाएको देखाएको छ ।
- २०२० को एक अध्ययनले नाडी शोधन प्राणायामले मनलाई शान्त बनाएर भावनात्मक संतुलन बढाएको देखाएको छ ।

निष्कर्ष

प्राणायामले तनाव र डिप्रेसनका लक्षणहरू कम गर्ने एक प्रभावकारी उपाय हो । यसले शरीरका तन्त्रहरूलाई संतुलित गरी, मस्तिष्कलाई सुधार गर्छ र तनाव हर्मोनलाई कम गर्छ । नियमित रूपमा प्राणायाम अभ्यास गरेर, तपाईं आफ्नो मानसिक स्वास्थ्यलाई सुधार गर्न सक्नुहुन्छ । यो सरल, प्राकृतिक र वैज्ञानिक आधारित उपाय हो जसले जीवनलाई सकारात्मक बनाउँछ ।

स्वास्थ्य खबरबाट



**गहुँ स्याहार्दै किसानः**
पाल्पाको रामपुर नगरपालिका-५ स्थित सुन्दरटोल क्षेत्रका किसान थ्रेसर मेसिन प्रयोग गरि गहुँ झार्दै । थ्रेसर मेसिनको प्रयोगसँगै बाली भित्र्याउन किसानलाई सजिलो भएको छ । तस्बिर : सुशीला रेग्मी/रासस

# प्रधानमन्त्रीलाई पत्रकार महासंघको ज्ञापनपत्र



बुटवल । नेपाल पत्रकार महासंघ रुपन्देही शाखाले पत्रकारको हत्या र सञ्चारगृहमाथिको आक्रमणको निन्दा गर्दै स्थानीय प्रशासनमार्फत् प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको छ । महासंघका जिल्ला अध्यक्ष दिनेश पान्डेको नेतृत्वमा इलाका प्रशासन कार्यलय बुटवल पुगि पत्रकारको टिमले पत्रकार सुरेश रजकको हत्यारालाई तत्काल पहिचान गरी पक्राउ गर्न पनि आग्रह गरेको छ ।

राजावादीहरुको आन्दोलनको क्रममा काठमाडौंमा केही दिन अगाडि रिपोर्टिङमा खटिएका पत्रकार रजकको प्रदर्शनकारीले गरेको आगजानीमा परी मृत्यु भएको थियो ।

ज्ञापनपत्र बुझाउँदै अध्यक्ष पान्डेले तत्काल दोषी पत्ता लगाइ कारबाही गर्न माग गरेका छन् । महासंघले पत्रकारहरु ढुक्क भएर रिपोर्टिङमा खटिन सक्ने अवस्था नरहेको भन्दै राज्य पत्रकारको सुरक्षाकोलागि गम्भीर बन्नुपर्ने बताएको छ ।

राज्यले दोषीलाई कारबाही, मृतकलाई राहत र घाइतेलाई उपचार नगरे चरणबद्ध कडा आन्दोलन गर्ने बताएको छ ।

ज्ञापनपत्र बुझिसकेपछि इलाका प्रशासन कार्यालय बुटवलका प्रमुख रामचन्द्र अर्यालले उक्त ज्ञापनपत्र तत्काल प्रधानमन्त्री कार्यालयमा पठाउने बताए ।

# आन्तरिक पर्यटकको रोजाइमा धुमैया जलाधार क्षेत्र



राँझा (बाँके) । बाँकेको राप्ती सोनारी गाउँपालिका-५ बिनौनाको टडुवास्थित धुमैया जलाधार क्षेत्र पछिल्लो समय आन्तरिक पर्यटकको रोजाइमा परेको छ । सिद्देश्वरी सामुदायिक वन उपभोक्ता समूहको संरक्षणमा रहेको धुमैया जलाधार क्षेत्रमा नेपालगञ्जको प्रचण्ड गर्मी छल्न आउने आन्तरिक पर्यटकहरु झरनामा नुहाउने, तस्बिर खिच्ने, भिडियो छायाङ्कन गर्ने र वनभोज खाएर रमाउने गरेका छन् ।

गर्मीयाममा नेपालगञ्ज, कोहलपुरलगायतका सहरबाट आन्तरिक पर्यटकको भीड लाग्ने गरेको स्थानीय चन्द्रप्रकाश रिजालले बताए ।

जलाधार क्षेत्रमा प्रवेश गर्ने आन्तरिक पर्यटकलाई प्रवेश शुल्क रसिद काट्ने काम गर्दै आएका रिजालले गर्मीयाममा दैनिक ३००/४०० जना घुम्न पुग्ने गरेको जानकारी दिए ।

गर्मीयाममा प्राकृतिक रुपमा बगिरहेको झरनामा नुहाउने र पोखरीमा पौडी खेल्न यहाँ आउने गरेको राप्ती सोनारी-३ बैजापुर निवासी टारजन वलीले बताए । पछिल्लो पटक टाढाबाट समेत मानिसहरु जीप, कार र मोटरसाइकलमा आएर दिनभर रमाउने गरेको उनको भनाइ छ ।

सिद्देश्वरी सामुदायिक वन उपभोक्ता समूहको सक्रियतामा भएको सामान्य पूर्वाधार विकाससँगै खानेपानीको धारा, पौडी खेल्न मिल्ने पोखरी र वनभोज गर्न मिल्ने सामान्य संरचना निर्माण भएपछि आन्तरिक पर्यटकको आकर्षण बढेको स्थानीय जुद्धबहादुर पुनले बताए । जैविक विविधता, प्राकृतिक सौन्दर्य र सुगम भएकाले आन्तरिक पर्यटकका लागि उत्कृष्ट गन्तव्य बन्दै गएको सिद्देश्वरी सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष सविन पुनले उल्लेख गरे । "बजेट अभावमा पूर्वाधार विकास गर्न सकिएको छैन, तर पनि पछिल्लो समय घुम्न आउने पर्यटकको संख्या बढ्दो छ", उनले भने-"शनिबार र सार्वजनिक बिदाको दिन यहाँ आउने पर्यटकको भीडभाड हुने गर्दछ ।"

धुमैया जलाधार क्षेत्रको पूर्वाधार विकास र पर्यटन प्रवर्द्धनका लागि गाउँपालिका र प्रदेश सरकारसँग बजेट माग गरे पनि कहीँबाट बजेट विनियोजन हुन नसकेको उनको गुनासो छ । बर्सातमा बाढीले भत्काएको सडक समेत बजेट अभावले निर्माण गर्न नसकिएको पुनले जानकारी दिए ।

सदरमुकाम नेपालगञ्जबाट करिबबाट २५ किलोमिटर पूर्वमा राप्ती नदीपारि अवस्थित धुमैया जलाधार क्षेत्र पुग्न बिनौना चिलहरिया चोकसम्म पक्की हुलाकी राजमार्ग रहेको छ । चिलहरिया चोकदेखि करिब तीन किलोमिटरको कच्ची सडक पार गरेपछि सजिलै यहाँ पुग्न सकिन्छ । गाउँपालिकाका अध्यक्ष तप्त पौडेलले धुमैया जलाधार क्षेत्रको पूर्वाधार विकास र पर्यटन प्रवर्द्धनका लागि आवश्यक सहयोग गर्न आफू तयार रहेको बताए ।

# खानेपानी मुहानमा कोलिफर्म

ढोरपाटन । जिल्लाका एक सय छ खानेपानी मुहानमा दिशामा पाइने जीवाणु (कोलिफर्म) भेटिएको छ ।

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङले जैमिनी नगरपालिका, काठेखोला गाउँपालिकासहित जिल्लाका १० स्थानीय तहका विभिन्न दुई सय ८५ स्थानमा कोलिफर्म परीक्षण गरेको थियो ।

सबैभन्दा बढी जैमिनी नगरपालिका र काठेखोला गाउँपालिकाको खानेपानीमा कोलिफर्म भेटिएको प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका प्रयोगशाला प्राविधिक डिल्ली आचार्यले जानकारी दिए । उनका अनुसार काठेखोलामा ४७ वटा मुहानमा परीक्षण गरेकामा २७ वटा र जैमिनीमा एक सय छ वटा मुहानमा परीक्षण गरेकामा ४४ वटामा भेटिएको हो ।

परीक्षणको दायरा बढाए अझैं धेरै मुहानमा कोलिफर्म भेटिन सक्ने आचार्यको भनाइ छ ।

जनस्वास्थ्य कार्यालयले जिल्लाको निसीखोला, तमानखोला, ताराखोला, बरेङ, बडिगाड गाउँपालिका, गलकोट नगरपालिका, ढोरपाटन र बागलुङ नगरपालिकाका खानेपानीमा कोलिफर्म परीक्षण गरिरहेको छ । धेरै ठाउँबाट परीक्षण गर्न आग्रह गरेकाले विस्तारै सबै स्थानीय तहमा परीक्षण गरिने उनको भनाइ छ ।

आचार्यले भने-"हामीले जिल्लाको धेरै ठाउँमा पुगेर खानेपानीको मुहान परीक्षण गर्दा कोलिफर्म फेला परेको छ, कोलिफर्म भएको पानी पिउनका लागि उपयुक्त हुँदैन, यस्तो पानी पिउँदा झाडापखाला, हैजा, टाइफाइड, जण्डिस, हेपाटाइटिस बीलगायत पानीजन्य रोग लाग्छ, त्यसले गर्दा जनस्वास्थ्य कार्यालयले जनचेतना मुलक कार्यक्रम गरी रहेको छ ।"

जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले पालिकाले 'वास प्लान' बनाएको र सोहीअनुसार मुहान सरसफाइ र संरक्षणमा लाग्ने बताए ।

कोलिफर्म देखिएको मुहानलाई व्यवस्थित गरी आमनागरिकलाई पानी शुद्धीकरण गरेर मात्रै प्रयोग गर्न जनचेतना फैलाउने उनको भनाइ छ ।

"कोलिमर्फ नियन्त्रणका लागि नगरपालिकाबाट हुने प्रयास गर्छौं, अन्य निकायबाट प्राविधिक सहयोग लिन्छौं, कोलिफर्मबाट पर्ने असरबाट बच्न आम नागरिकलाई सचेत बनाउँछौं", उपप्रमुख शर्माले भने-"धेरै मुहानमा कोलिफर्म भेटिएकाले पानी शुद्धीकरण गरेर मात्रै प्रयोग गर्नुपर्ने हुन्छ, यसप्रति हामी गम्भीर भएका छौं ।"

## बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.को बिमालेख यही मिति २०८१। १०।२८ गते सुनवलदेखि परासी जाने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला ।

**नाम :** महेश्वर ठाकुर
**ठेगाना :** रामग्राम-३, नवलपरासी
**बिमालेख नं. :** २५११००२८५
**सम्पर्क :** ९८५७०४५७१२

**दुई करोड...**

द थ्रिल एड्भेन्चर प्रालिमा घनश्याम पाण्डे, रवि भट्टराई सुरज गौतम र चन्द्रकान्त पाण्डे सञ्चालक रहेका छन् ।

उक्त संरचनाको जग्गा प्रयोग गरेबापत शंकरनगर वनविहार तथा अनुसन्धान केन्द्रलाई प्रतिमहिना ६५ हजार ५ सय ५० रुपैयाँ तिर्ने सम्झौता भएको छ । निर्माण गरिएको संरचना शुभारम्भ चैत १८ गतेबाट भए पनि यसको ग्रान्ड ओपनिङ बैशाख ३ गते गर्ने योजना समेत बनाइएको सञ्चालक रवि भट्टराईले जानकारी दिए । उनका अनुसार शुभारम्भ उत्सवको अवसरमा सेवा लिन आउने ग्राहकलाई विशेष छुट समेत प्रदान गरिएको छ ।

साइक्लिङ र जीपलाइनको लागि ३५०, पिङको लागि २०० र ज्याप्लीङ्गको लीग सय रुपैयाँ टिकट दर व्यवस्था गरिएको हो । उक्त एड्भेन्चर प्रालिमा ५ जनाले प्रत्यक्ष रोजगारी पाएका छन् । उक्त एड्भेन्चरमा खेल्ने सबैको ३ लाखदेखि ५ लाखको बिमा समेत गरिएको कम्पनीले जनाएको छ ।

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

पुनराम भट्टराईको नाति, हिमलाल भट्टराईको छोरा लुम्बिनी प्रदेश गुल्मी जिल्ला, छत्रकोट गाँउपालिका वडा नं. ०३ बस्ने विष्णु प्रसाद भट्टराईले यस शाखामा बचत खाता नं. २०९१५२४०३०४११३ संचालन गर्दै आउनु भएकोमा मिति २०८०/०२/२८ मा निज खातावाला विष्णु प्रसाद भट्टराईको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको छोरा नाता पर्ने भिम प्रसाद भट्टराईले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक विष्णु प्रसाद भट्टराईको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिनेसमेत सूचित गरिन्छ ।

**गुल्मी शाखा, नेपाल एसबिआई बैंक लिमिटेड**
फोन नम्बर :- ०७९–५२१०२९
फ्याक्स :- ०७९–५२११९४

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

धनबहादुर थापाको छोरी, वाग सिं कुँवरको छोराबुहारी, मुम बहादुर कुँवरको श्रीमती लुम्बिनी प्रदेश गुल्मी जिल्ला, गुल्मीदरबार गाउँपालिका वडा नं. ०६ बस्ने मान कुमारी कुँवंरले यस शाखामा बचत खाता नं. २०९१५२४०३०२१६१ संचालन गर्दै आउनु भएकोमा मिति २०८१/०४/०१ मा निज खातावाला मान कुमारी कुँवरको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतककी छोरा नाता पर्ने दम बहादुर कुवँरले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक मान कुमारी कुँवरको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिनेसमेतसूचित गरिन्छ ।

**गुल्मी शाखा, नेपाल एसबिआई बैंक लिमिटेड**
फोन नम्बर :- ०७९–५२१०२९
फ्याक्स :- ०७९–५२११९४

## Mathagadhi Rural Municipality
## Office of the Rural Municipal Executive
Jhadewa, Palpa

# Invitation for Bids

**Notice No: 07-081-82**

First Date of Publication: 2025-04-01 AD

1. Mathagadhi Rural Municipality, Office of the Rural Municipal Executive Invites Open Competitive bidding from eligible bidders for the following Works and Goods mentioned in the table below under NCB and SQ system.Bidders may obtain further information from the PPMO web portal www.bolpatra.gov.np/egp.

| Contract Identification No. | Description of Work | Estimated Cost (excluding VAT) |
|---|---|---|
| MRM/B/NCB/WORKS /2081-082/24 | Construction of Multi-Purpose Hall, Mathagadhi-03, Kaseni, Palpa | 6,343,871.33 |
| MRM/SQ/GOODS /2081-82/25 | Procurement of Medicine and Medical Accessoriesfor Mathagadhi Health Institutions. | 2,083,972.71 |

2. Bidder may download the bidding documents and submit their bids electronically through www.bolpatra.gov.np/egp as specified in the Bid document.

Chief Administrative Officer
Mathagadhi rural Municipality office

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# मुक्तिनाथ रथ यात्राको शुभारम्भ



नवलपरासी । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले त्रिवेणीस्थित गजेन्द्र मोक्ष धामबाट मुक्तिनाथका लागि ऐतिहासिक रथ यात्राको शुभारम्भ गरेका हुन् ।

कालीगण्डकीका शालिग्राम तथा मुक्तिनाथको प्रचारप्रसार तथा धार्मिक आस्थालाई एकअर्कासँग जोड्ने उद्देश्यले आयोजना गरिएको यस यात्रामा श्रद्धालु भक्तजनहरूको उल्लेखनीय सहभागिता रहनेछ।

कमलनयनाचार्य मुक्तिनाथ बाबाको सङ्कल्पअनुसार सुरु गरिएको रथ यात्रा त्रिवेणी, देवघाट, पोखरा, बागलुङ हुँदै मुक्तिनाथ पुग्नेछ । यात्राको शुभारम्भ गर्दै मुख्यमन्त्री आचार्यले धार्मिक पर्यटकीय गन्तव्यलाई एकआपसमा जोड्न आवश्यक रहेको उल्लेख गर्दै लुम्बिनी प्रदेशमा पर्यटन सर्किट निर्माण थालिएको जानकारी दिए ।

साथै, छिमेकी प्रदेश र अन्य क्षेत्रका धार्मिकस्थललाई परस्पर सम्बन्धित गर्दै पर्यटनको माध्यमबाट समृद्धि हासिल गर्न सकिने उनको भनाइ थियो । गण्डकीका शालिग्राम र मुक्तिनाथको प्रचारप्रसार गर्ने लक्ष्य राखिएको यस रथ यात्राले धार्मिक पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउने अपेक्षा गरिएको छ ।

पर्यटकीय दृष्टिकोणले सुन्दर र पवित्र भूमि त्रिवेणी धामबाट सुरु भएको यो यात्रा श्रद्धालुका लागि महत्वपूर्ण रहनेछ । यात्रा शुभारम्भका अवसरमा लुम्बिनी प्रदेशका वन मन्त्री देवकरण कलवार, प्रदेशसभा सदस्य निमा गिरी, राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा.गोविन्द पोखेलगायत जनप्रतिनिधि, उद्योगी, व्यवसायीलगायतको उपस्थिति थियो ।

# शाइन रेसुङ्गा कर्पोरेट कप र मिडियाकप फुटसल सम्पन्न




बुटवल। नेपाल पत्रकार महासंघ रुपन्देहीको आयोजनामा एफएनजे मिडिया कप तथा शाइन रेसुङ्गा कर्पोरेट कप फुटसल प्रतियोगिता २०८१ बुटवलमा सम्पन्न भएको छ।

दुई दिनसम्म चलेको प्रतियोगितामा मिडिया कपतर्फ विभिन्न मिडिया हाउसहरुको टिमबिच प्रतिस्पर्धा भएको थियो। यसैगरी महिला पत्रकार टिमहरुको पनि सहभागिता रहेको थियो।

प्रतियोगितामा कर्पोरेटतर्फ १८ टिम प्रतिस्पर्धा गरेकोमा फाइनलमा नेपाल इञ्जिनियर्स एशोसियनसले शंकरनगर खानेपानी उपभोक्ता संस्थालाई ६-१ ले पराजित गर्दै विजयी भएको छ । विजयी टिमले २५ हजार र उप-विजेता टिमले १५ हजार नगदसहित प्रमाणपत्र, मेडल र ट्रफी प्राप्त गरेको छ।

एफएनजे मिडिया कपतर्फ ९ वटा टिम प्रतिस्पर्धी रहेकोमा फाइनलमा ग्लोबल आवज र बुद्ध सामुदायिक टेलिभिजनबिच प्रतिस्पर्धा भएको थियो । उक्त प्रतियोगितामा ग्लोबल आवाज डटकम ८-२ गोलले विजयी भएको छ भने बुद्ध सामुदायिक टेलिभिजन उप-विजेता भएको छ।

विजेता र उप-विजेतालाई बुटवल उप-महानगरपालिका प्रमुख खेलराज पाण्डेले पुरस्कार तथा मेडल प्रदान गरे। महासंघका अध्यक्ष दिनेश पान्डेले आपसी सम्बन्ध प्रगाढ बनाउन प्रतियोगिताले मद्दत पुगेको बताएका थिए।

# आगलागीमा चार घरगोठ जले, पशुचौपाया पनि रहेनन्

**लक्ष्मण घिमिरे**
*अर्घाखाँची*

भूमिकास्थानको नुवाकोटमा आगलागी हुँदा एक घर र तीन गोठ जलेर पूर्णरुपमा नष्ट भएका छन् ।

भूमिकास्थान नगरपालिका-७, नुवाकोटको पानडाँडा सामुदायिक वनमा लागेको आगो बस्तीसम्मै पुगेपछि घरगोठ जलेका हुन् । यस्तै एउटा भैंसी, एउटा पाडो, ९ ओटा बाख्रा र ५९ ओटा कुखुरा जलेको जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीले जनाएको छ ।

लोकबहादुर थापाको तीन तले कच्ची घर र गोठ जलेर पूर्णरुपमा क्षति भएको छ । थापाका २६ वटा कुखुरा पनि जलेर खरानी भएका छन् । यस्तै सोही ठाउँका रेलबहादुर थापाको गोठ जलेर छेदविच्छेद भएको छ भने गोठमा रहेको भैंसी, पाडो, ६ ओटा बाख्रा र १७ ओटा कुखुरा जलेर मरेका छन् ।

आगलागीमा परेर तिलक रायमाझीको गोठ र ट्वाइलेट नष्ट भएको छ। रायमाझीका ३ वटा बाख्रा र १६ ओटा कुखुरा जलेका छन्। घटनामा मानवीय क्षती नभए पनि केही पशु चौपाया घाइते भएका प्रहरीले जनाएको छ।

सोमबार दिउँसो लागेको आगो जिल्ला प्रहरी कार्यालय सन्धिखर्क, प्रहरी चौकी खिल्जी र स्थानीयको सक्रियतामा नियन्त्रणमा लिइएको हो । बेलैमा आगो नियन्त्रणमा लिन सफल भएकाले ठूलो दुर्घटना टरेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी विष्णुप्रसाद पौडेलले बताए । 'समयमै आगो निभाउन सफल भयौं,' उनले भने-'ठूलो क्षति हुनबाट बस्ती जोगिएको छ।'

प्रत्येक वर्ष आगलागीले हैरान पार्नुका साथै मानवीय तथा भौतिक क्षतिसमेत हुने गर्छ।

तर, आम नागरिकको सचेतनाको कमी, स्थानीय सरकारहरुको अपुग तयारी र बेलैमा आगो नियन्त्रणमा ध्यान नदिँदा वर्षैपिच्छे उस्तै सास्ती व्यहोर्नु परेको छ।

# बुटवल-नारायणगढ सडकको पूर्वी खण्डमा ५० किलोमिटर कालोपत्रे



बुटवल । बुटवल-नारायणगढ सडकको पूर्वी खण्डमा ५० किलोमिटर कालोपत्रे सडक निर्माण भएको छ । दाउन्ने-गैंडाकोट खण्डको ६३ किलोमिटरमध्ये एकतर्फको ५० किलोमिटर कालोपत्रे गरिएको हो ।

सो खण्डमा सबैभन्दा बढी यात्रुले सास्ती भोग्नुपर्ने दाउन्ने सडकखण्डमा ४ किलोमिटर र घुमाउँरो घुम्तीमा ४ किलोमिटर सडक वर्षा अगाडि नै ढलान गरिने आयोजनाका सूचना अधिकारी शिव खनालले बताए ।

वर्षा अगाडि नै पूर्वी खण्डको ६३ किलोमिटरमा एकतर्फी कालोपत्रे सम्पन्न गरेर कामलाई तिव्रता दिइएको आयोजनाले जनाएको छ। ४० महिनामा सम्पन्न हुनुपर्ने सडक विस्तारको काम ६ वर्षमा ५८ प्रतिशत मात्र सम्पन्न भएको छ।

# टरिगाउँ विमानस्थलमा हवाइ सेवा सुरु




तुलसीपुर । सोमबारदेखि दाङको तुलसीपुर-१२ स्थित टरिगाउँ विमानस्थलमा तीन महिनापछि हवाई सेवा सुरु भएको छ।

अब प्रत्येक सोमबार उडान हुने नेपाल एयरलाइन्सका स्टेसन इञ्चार्ज बलबहादुर सुनारले जानकारी दिए । उनले यात्रुको मागअनुसार उडान थप गर्न पनि सकिने बताए।

विमानस्थलमा हवाई सेवा पटक-पटक अवरुद्ध हुँदै आएको छ। यस पटक गत पुस २ गतेदेखि हवाई सेवा अवरुद्ध भएको थियो ।

उक्त विमानस्थलमा नियमित हवाई सेवा नहुँदा यात्रु नेपालगञ्ज वा भैरहवा जानुपर्ने बाध्यता छ।

विमानस्थलको धावनमार्ग सानो हुँदा ठूला जहाज बस्न सकेका छैनन् । अहिले १९ सिटे जहाज मात्रै सञ्चालन हुँदा पनि अनियमित हुने हुँदा यात्रु भैरहवा वा नेपालगञ्ज जानुपर्ने अवस्था रहेको छ।

हाल विमानस्थलको धावनमार्ग ७५० मिटर रहेको छ। उक्त धावनमार्ग विस्तार गर्नुपर्ने आवाज पटक-पटक उठ्ने गरेको छ।

# प्रभावकारी सेवा प्रदान गर्दै आप्रवासीश्रोत केन्द्र



**कृष्ण पोखरेल**
*पाल्पा*

वैदेशिक रोजगारीलाई सुरक्षित र व्यवस्थित बनाउन तानसेनमा सञ्चालन भएको आप्रवासीश्रोत केन्द्र प्रभावकारी बनेको छ। पाल्पाको जिल्ला प्रशासन कायालयमै आप्रवासीश्रोत केन्द्र (सहायताकक्ष) सञ्चालन गरेको छ भने तानसेन नगरपालिकाको ५ वटै वडाहरुमा सचेतनाका कार्यक्रमले वैदेशिक रोजगारीमा जाने व्यक्तिहरु प्रत्यक्ष रुपमा लाभान्दित भएका छन् । वैदेशिक रोजगारीसंग सम्बन्धित सल्लाह, परामर्श तथा आइ परेका समस्याहरु आप्रवासीश्रोत केन्द्र पाल्पाले निःशुल्क रुपमा प्रदान गर्दै आएको छ । पाल्पाबाट मात्र आर्थिक वर्ष २०८०/०८१ मा १०हजार १ सय ८५ जना श्रम स्वीकृत गरेर वैदेशिक रोजगारीमा गएका छन् भने लुम्बिनी प्रदेशबाट १ लाख ३० हजार ५ सय ८७ जनाले श्रम स्वीकृत लिएका छन् ।

केन्द्रले चालु आर्थिक वर्षको फागुनसम्म पाल्पामा ५ हजार ६२ जनालाई सुरक्षित वैदेशिक रोजगारीको विषयमा सामूहिक परामर्श गरेको छ भने परामर्श दिएका व्यक्तिहरुमध्ये एक सय ११ जनालाई पुनःफलोअप गरेर थप आवश्यक जानकारी, सुझाव, सल्लाह लिने दिने गरेको छ।

यसैगरी केन्द्रले वैदेशिक रोजगारीमा समस्या परेका र मृत्यु भइ जिल्ला प्रशासन कार्यालय पाल्पामा उजुरी दिएका २४ जनाको परिवारसंग सहजीकरण गरी समस्या समाधानमा पहल गरेको छ । जसमध्ये ८ जनाको समस्या समाधान गरिसकेको छ । यसैगरी ४ जनाको प्रक्रियामा रहेको, १२ जनाको क्षतिपूर्ति दिलाउन सफल भएको, १५ जनालाई व्यक्तिगत परामर्श दिएको र ३ वटा सामूहिक अन्तरक्रिया गरेको छ । केन्द्रले अध्ययन गर्न जाने, आफन्त भेटघाट तथा घुमघामको लागि जाने र रोजगारीको लागि र व्यापारिक प्रयोजनका लागि जाने समूहलाई फरक-फरक किसिमको परामर्श तथा जानकारी, सहजीकरण गर्दै आएको छ।

तानसेन नगरपालिकाको वडा नं १ देखि ५ सम्म चालु आर्थिक वर्षमा वैदेशिक रोजगारीबाट फर्किएका ५० जना, अध्ययनको लागि ३ सय २९ जना र वैदेशिक रोजगारीको लागि ६५९ जना रहेका छन्। परियोजनाले वैदेशिक रोजगारीमा जाने व्यक्तिलाई सही सूचना लिएर, र आवश्यक सीप सिकेर मात्रजाने विषयमा सचेतना अभियान सञ्चालन गर्दै आएको तानसेन नगरपालिकाका नगरप्रमुख सन्तोषलाल श्रेष्ठले बताए।

वैदेशिक रोजगारीमा जाने निर्णय गरिसकेपछि वैदेशिक रोजगार विभागको वेबसाइट हेरेर सही सूचना र जानकारी लिने, आफूले गर्ने कामको सीप सिकेर जानु पर्ने, श्रम स्वीकृत गरेर मात्र जाने र सामाजिक सुरक्षा कोषमा आबद्ध हुने, भिजिट भिसामा काम गर्न नजाने, सरकारबाट मान्यताप्राप्त मेनपावरबाट जानु पर्ने, मेनपावरलाई रकम बुझाउँदा रसिद वा भरपाइ लिनु पर्ने, आफ्ना कागजपत्रहरुको सुरक्षा र फोटोकपी गर्नुपर्ने, नेपालको विमानस्थल प्रयोग गरेर मात्र जानु पर्ने, सहयोगी संस्थाहरुको जानकारी तथा सम्पर्क नम्बरहरु राख्नु पर्ने, श्रम स्वीकृती जाँच गर्नुपर्ने, भिसा जाँच गरेर वैदेशिक रोजगारीमा गएमा सुरक्षित वैदेशिक रोजगारी हुने देखिन्छ।

श्रम स्वीकृत गरेर वैदेशिक रोजगारीमा जाने कामदार बिरामी भएमा, मृत्यु भएमा वा काम छोडी नेपाल फर्कि बसेमा समेत वैदेशिक रोजगारी बोर्ड कल्याणकारी कोष बाट प्रदान गरिने सहायता कार्यक्रमहरुले ठूलो राहत प्रदान गरेको छ । कामदारको मृत्यु भएमा एक वर्षभित्रमा १० लाख रुपैयाँ क्षतिपूर्ति, अंगभंग भएका कामदारलाई नेपाल फर्केको एक वर्षभित्रमा ७ लाख रुपैयाँ क्षतिपूर्ति, मृतक तथा अशक्त कामदारका छोराछोरीहरुलाई अध्ययनको लागि आधारभूत तहका बालबालिकालाई रु १२ हजार वार्षिक, माध्यमिक तहका बालबालिकालाई रु १८ हजार वार्षिक छात्रवृत्ति प्रदान गर्ने, मृत्यु भएका कामदारको शव विदेशबाट नेपाल, नेपालबाट घरसम्म निःशुल्क ल्याउने व्यवस्था, कामदारका परिवारलाई वार्षिक उपचार खर्च रु ५० हजारसम्म, सहयोग उपलब्ध गराउँदै आएको केन्द्रका जिल्ला संयोजक दिनेश घिमिरेले जानकारी दिए।

अर्कोतर्फ वैदेशिक रोजगारीमा गएका कामदारको मृत्यु भएमा जीवन बिमामार्फत् परिवारले पाउने राहत रकम एकमुष्ट १० लाख रुपैयाँ, क्रिया खर्च १ लाख, बिमितको आयको नोक्सानी बापत २ लाख, शव ल्याउने खर्च बापत १ लाख, औषधि उपचार खर्च बापत १ लाख र घातक रोग उपचार खर्च बापत ५ लाख रुपैयाँ सहयोग पाउने छन् । श्रम स्वीकृती गरेर वैदेशिक रोजगारीमा जाने कामदारको भविष्यमा आइपर्ने सबै किसिमका समस्या कठिनाइ नेपाल सरकार वैदेशिक रोजगार बोर्डले निःशुल्क रुपमा सहयोग गर्ने, बिरामी तथा मृत्यु भएमा उचित क्षतिपूर्तिको व्यवस्था गर्दै आएको छ।

वैदेशिक रोजगारीका विषयमा परेका हरेक समस्या समाधानको लागि आप्रवासीश्रोत केन्द्र पाल्पाले पहल तथा सहजीकरण गर्दै आएको जनाएको छ।

वैदेशिक रोजगार बोर्डबाट हुने अधिकांश कामहरु श्रोत केन्द्र पाल्पाबाट हुँदै आएको जिल्ला संयोजक घिमिरेले बताए। आप्रवासीश्रोत केन्द्र, सामी परियोजना स्वीस सरकारको ३२ प्रतिशत, संघ, प्रदेश र स्थानीय सरकारको ६८ प्रतिशत लगानीमा सन २०२४ देखि २०२८ सम्म सञ्चालन हुनेछ। वैदेशिक रोजगारी गइ नेपाल फर्किएर मृत्यु भएका कामदारका परिवारको लागि पनि बोर्डबाट २५ हजार रुपैयाँ सहयोग प्राप्त हुने भएकोले पाल्पाबाट १२ जनाको सिफारिस पठाएको केन्द्रले जनाएको छ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका
साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई
सम्झनुहोस!
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com